# राप्ती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**भण्डारा, चितवन**

### दोस्रो पटक हेभी उपकरण भाडाको दरभाउ पेश गर्ने सम्बन्धी सूचना ।

**(प्रकाशित मितिः २०७७।१२।२४)**

राप्ती नगरपालिका, भण्डारा, चितवनले राप्ती नगरपालिका अन्तर्गतका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा सवारी साधनमा लोडिङ गर्ने कार्यका लागि ४ वटा हेभी सवारी साधन (Excavator) प्रयोगमा ल्याउनु परेको हुँदा प्रति घनमिटर रु.५५ (भाडा, तेल, चालक, ज्याला र अन्य समेत) मा नबढाई आफ्नो सवारी साधन प्रयोगमा ल्याउन इच्छुक फर्म, सप्लायर्स वा सवारी साधन धनीले सवारी साधनको ब्लुबुक, सवारी चालकको चालक अनुमति पत्र सहित दरभाउ लिखित रुपमा पेश गर्नुहुन भनी प्रथम पटक मिति २०७७।१२।१४ मा ७ दिने सूचना प्रकाशित गरिएकोमा जम्मा १ (एक) थान मात्र दरभाउ पर्न आएकोले पुनः दोस्रो पटक सूचना प्रकाशित मितिले ३ दिनभित्र (२०७७।१२।२६ गते) दिनको १२:०० बजेभित्र कार्यालयमा रु.१०००।– को राजश्व बुझाई BOQ खरिद गरी सवारी साधन प्रयोगमा ल्याउन इच्छुक फर्म, सप्लायर्स वा सवारी साधन धनीले सवारी साधनको ब्लुबुक, सवारी चालक अनुमति पत्र र राजश्व रसिद सहित दरभाउ लिखित रुपमा सिलबन्दी खाममा समावेश गरी सोही दिन दिनको २:०० बजेभित्र दर्ता गराइसक्नुपर्नेछ । रितपूर्वक दर्ता हुन आएको दरभाउ पत्र सोही दिन दिनको ४:०० बजे नदीजन्य पदार्थ व्यवस्थापन समितिको रहोबरमा खोलिने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(नोटः छनौट भएको फर्म, सप्लायर्स वा सवारी साधन धनीले उल्लेखित सवारी साधन कार्यालयको आवश्यकता अनुरुपको समयावधि भित्र (अधिकतम जेठ मसान्त, २०७८) आफ्नो सवारी साधन कबोल गरेकै दरमा उपलब्ध गराउनु पर्नेछ। र बोलपत्र सम्बन्धी अन्तिम निर्णय कार्यालयको निर्णय बमोजिम हुनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत